श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

## सूचना १

### घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४१

घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) आदेश, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०४१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) आदेश, २०३१ को दफा ११ मा संशोधनः घरेलु तथा ग्रामीण उद्योग विकास समिति (गठन) आदेश, २०३१ को दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः–

"११. समितिको कार्यालयः समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकतानुसार समितिले अधिराज्यका विभिन्न स्थानहरूमा कार्यालय खोल्न सक्नेछ ।"

## सूचना २

पेट्रोलियम नियमावली, २०४१ को परिच्छेद १२ को नियम ५७ को खण्ड (क) बमोजिम नेपाल अधिराज्यको सम्पूर्ण तराई क्षेत्र र चुरे श्रृंखला समेतको केही भाग पर्ने क्षेत्रलाई १० अन्वेषण खण्डमा विभाजन गरी सीमाङ्कन गरिएका नं. १ देखि १० सम्मका प्रत्येक अन्वेषण खण्डमा पेट्रोलियम कार्य गर्न मिति २०४१।१२।२७ (तदनुसार अप्रिल ९,१९८५) देखि बोलपत्र आव्हान गरिएको छ । उक्त बोलपत्र पेश गर्ने अन्तिम मिति २०४२।६।२९ (तदनुसार १५ अक्टूबर १९८५) साँझ ५ बजेसम्म तोकिएको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव



626

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।